बैठक सं-२४

आज मिति २०७७।०६।२६ गते सोमबार विहान ११:०० बजे यस भुम्लु गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री गुमानध्वज कुँवरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीहरुको उपस्थितिमा बसी तपशिल बमोजिमका विषयहरुमा छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १ | श्री गुमानध्वज कुँवर | – अध्यक्ष |
| २ | श्री कल्पना कुमारी श्रेष्ठ | – उपाध्यक्ष |
| ३ | श्री खीर बहादुर श्रेष्ठ | – सदस्य |
| ४ | श्री कृष्ण कुमार कार्की | – सदस्य |
| ५ | श्री ज्ञान वहादुर तामाङ | – सदस्य |
| ६ | श्री लोक बहादुर कुँवर | – सदस्य |
| ७ | श्री अञ्चल कुमार लामा | – सदस्य |
| ८ | श्री भरत बहादुर शिवभक्ती | – सदस्य |
| ९ | श्री रमेश राज खरेल | – सदस्य |
| १० | श्री मोतिलाल तामाङ | – सदस्य |
| ११ | श्री दल बहादुर तामाङ | – सदस्य |
| १२ | श्री चित्र बहादुर तामाङ | – सदस्य |
| १३ | श्री माया तामाङ | – सदस्य |
| १४ | श्री सानुमाया पहरी | – सदस्य |
| १५ | श्री उर्मिला वि. क. बराइली | – सदस्य |
| १६ | श्री सावित्रा अछामी | – सदस्य |
| १७ | श्री बालकृष्ण पहरी | – सदस्य |
| १८ | श्री शंकर नेपाली | – सदस्य |
| १९ | श्री मदन कुमार बजगाँई | – सदस्य सचिव |

Scanned with CamScanner

प्रस्तावहरु:-

१.सहकारी संस्थामा सदस्यहरुको दोहोरोपना सम्बन्धमा

निर्णय न.१. प्रस्ताव न.१ माथि छलफल गर्दा एउटै स्थानीय तहमा भएका एकै प्रकृतिका सहकारीमा शेयर सदस्य तथा सञ्चालक समिती मा दोहोरोपना आएको देखिएकोले संघ सरकारद्धारा लागु गरेको नितिलाई सहयोग गर्न एकै प्रकृतिको सहकारीमा १ सहकारी १ सदस्यको अवधारणालाई कार्यान्वयन गराउनका लागि गाँउपालिका भित्र भएका सहकारीहरुलाई सोही अनुसार गराउन निर्देशन दिने निर्णय गरियो ।

२.महिला स्वयंसेविकाको नियुक्ति सम्बन्धमा

निर्णय न.२. प्रस्ताव न.२ माथि छलफल गर्दा गाँउपालिका भित्र कार्यरत महिला स्वयमसेवीका नियुक्ति दिनका लागि वडाभित्र रहेको आमासमुहले भेलाबाट एस.एल.सि तथा १० कक्षा पास भएको व्यक्तिलाई निर्णय गरि स्वास्थ्य चौकी व्यवस्थापन समितिमा पेश गर्ने र स्वास्थ्य चौकी व्यवस्थापन समितिबाट निर्णय गरि सिफारिस गरेपछि मात्र गाँउपालिकाबाट नियुक्ति दिने निर्णय गरियो, यसका लागि स्वास्थ्य चौकी व्यवस्थापन समितिलाई के कसरी छनौट तथा सिफारिस गर्ने भन्ने व्यहोरा खुलाई स्वास्थ्य शाखाबाट पत्राचार गर्ने निर्णय गरियो ।

३.शिक्षकको तलब भुक्तानी सम्बन्धमा

निर्णय न.३. प्रस्ताव न.३ माथि छलफल गर्दा मिती २०७७ साल कार्तिक महिना देखि लागु हुने गरि यस गाँउपालिका भित्रका विद्यालयहरुमा कार्यरत शिक्षकहरुको तलव विद्यालयको खातामा नपठाई शिक्षकको व्यक्तिगत खातामा मासिक प्रगती विवरण (जुन विद्यालयको प्रधानाध्यापकले तयार गर्ने, विद्यालय व्यवस्थापन समितिका अध्यक्षले सदर गर्ने र सम्बन्धित वडा अध्यक्षले प्रमाणित गरि पठाउने ) प्राप्त भएपछि गाँउपालिकाबाट निकासा गर्ने, यसको आवश्यक व्यवस्थापन गर्नका लागि सम्बन्धित विद्यालयहरुमा पत्राचार गर्ने निर्णय गरियो ।साथै आश्विन मसान्त सम्मको तलब तथा भत्ता पहिलेकै विधिबाट खर्च गर्ने निर्णय गरियो ।

४.सामाजिक सुरक्षा रकम वितरण सम्बन्धमा

निर्णय न.४. प्रस्ताव न.४ माथि छलफल गर्दाआ.व. ०७७।०७८ को पहिलो किस्ता सामाजिक सुरक्षा रकम बैङ्कमार्फत वितरण गर्ने निर्णय भएकोमा कोभिड १९ र प्राविधिक कारणले (धेरै लाभग्राहीको बैङ्कमा खाता नखुलेको) र नेपालीहरुको महान चाड वडा दशै तथा दिपावली नजिक आएकाले वडा न.१० बाहेक बाँकी रहेका वडाहरुमा यस आ.व. सामाजिक सुरक्षा भत्ताको पहिलो किस्ता पहिले जस्तै ( वडाका प्रत्येक घरमा गएर रकम वितरण गर्ने विधि) रकम वितरण गर्ने निर्णय गरियो ।साथै मङसिर मसान्त सम्ममा सवै वडाको

Scanned with CamScanner

सेवाग्राहीको खाता अनिवार्य खोलिसक्ने र सामाजिक सुरक्षा भत्ता वितरण परिचय पत्र र नविकरण प्रत्येक वडा अध्यक्षज्युहरुले प्रमाणित गर्ने र वडा सचिवले रकम वितरण गर्ने निर्णय गरियो ।

**५. भु-सेवा केन्द्र सम्बन्धमा**

निर्णय न.५. प्रस्ताव न. ५ माथि छलफल गर्दा भु-सेवा केन्द्र सञ्चालन गर्नका लागि आवश्यक प्रक्रिया अगाडी बढाइ गाँउपालिकामा भु-सेवा केन्द्र सञ्चालन गर्न सुरु गर्ने निर्णय गरियो ।

**६.वाटर एडले प्रदान गर्ने सामाग्रीको लागि सुची सम्बन्धमा**

निर्णय न.६. प्रस्ताव न.६ माथि छलफल गर्दा वडाहरुबाट प्राप्त सिफारिसका आधारमा समाग्रीहरु वितरण गर्ने । निर्णय भएकोमा वडा न. ६,८ र ९ को विवरण प्राप्त हुन बाँकी रहेकाले उक्त वडाहरुलाई १ हप्ता भित्रमा उक्त रिपोर्ट पेश गर्ने र स्वास्थ्य शाखा बाट सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

**७. दैनिक प्रतिवेदन सम्बन्धमा ,वडा कार्यालय,स्वास्थ्य कार्यालय र विद्यालय सम्बन्धमा**

निर्णय न.७. प्रस्ताव न.७ माथि छलफल गर्दा यस गाँउपालिकाको वडाहरु,स्वास्थ्य चौकी तथा विद्यालयहरुको दैनिक प्रगति विवरण कार्यालयले तोकेको नियम,विधि तथा पद्धति अनुसार कार्यालय समय पछि गाँउपालिकामा जानकारी गराउनु पर्ने साथै वडा कार्यालय स्वास्थ्य चौकी तथा विद्यालयहरुमा पुन पत्राचार गर्ने निर्णय गरियो ।

**८. स्वास्थ्य चौकीहरुमा थप औषधी व्यवस्थापन गर्ने सम्बन्धमा**

निर्णय न.८. प्रस्ताव न.८ माथि छलफल गर्दा प्रत्येक स्वास्थ्य चौकीहरुका लागि आ.व. ०७७।०७८ को बजेटबाट रु.१,५०,०००।–विनियोजन भए अनुसार उक्त रकम स्वास्थ्य चौकीहरुका लागि अतिआवश्यक वा बढी माग भएको औषधीहरु खरिद गरि आवश्यक परेको अवस्थामा वितरण गर्ने स्वस्थ्य चौकी व्यवस्थपन समितिको निर्णयले खर्च गर्ने साथै उक्त रकम अक्षय कोष भएकाले रकम घट्न नहुने र औषधी विक्रि नगद रसिदबाट गर्ने र आएको रकम बैङ्क खातामा जम्मा गरि आवश्यक अनुसार औषधी खरिद गर्ने , जसमा व्यवस्थापन समितिले तोकेको अनुसार गर्ने/गराउने , प्रत्येक स्वास्थ्य चौकी व्यवस्थान को लागि रु. ?०,०००।- का दरले र स्वस्थ्य इकाइका लागि रु.२५,०००।- का दरले दिने बजेटमा व्यवस्था भएकाले स्वस्थ्य व्यवस्थापन समितिको निर्णय अनुसार आवश्यकता अनुसार खर्च गर्ने समेत निर्णय गरियो ।

Scanned with CamScanner

९.निःशुल्क एम्बुलेन्स सञ्चालन गर्ने सम्बन्धमा

निर्णय न.९. प्रस्ताव न.९ माथि छलफल गर्दा गाँउपालिकाको निती अनुरुप गर्भवती महिलाहरुलाई सुत्केरी गराउनका लागि भुम्लु गाँउपालिकाका स्वास्थ्य संस्थामा लैजानका लागि निशुल्क रुपमा एम्बुलेन्स उपलब्ध गराउने, साथै गाँउपालिका भित्र सुत्केरी गराउन नसकेमा यहाँबाट अन्तै लैजानका लागि रिफर गर्नुपर्ने भएमा पनि सम्बन्धित स्थान सम्म पुर्याउनका लागि पनि निशुल्क रुपमा एम्बुलेन्स सेवा उपलब्ध गराउने निर्णय गरियो ।

१०. पशु विमा कार्यक्रम

निर्णय न.१०. प्रस्ताव न.१० माथि छलफल गर्दापशु विमा कार्यक्रमलाई सञ्चालन गर्ने निर्णय गरियो ।यसका लागि पशु सेवा शाखालाई आवश्यक समन्वय गरि प्रक्रिया अगाडी बढाइ रहेकाले यथावत गर्ने निर्णय गरियो ।

११.पसल व्यवसायको दर्ता नविकरण सम्बन्धमा

निर्णय न.११. प्रस्ताव न.११ माथि छलफल गर्दा पसल व्यवसाय दर्ताको काम अगाडी बढाउने र यसका लागि वडासँग समन्वय गरि लगत संकलनको काम अगाडी बढाउने र यसका लागि वडा कार्यालयबाट समन्वय गरि प्राप्त रेकर्ड अनुसार दर्ता तथा नविकरण गर्ने निर्णय गरियो ।

१२.योजना संचालन: ठेक्का र उपभोक्ता समिती मार्फत

निर्णय न.१२. प्रस्ताव न.१२ माथि छलफल गर्दा हाललाई ५ लाख भन्दा कमको योजना उपभोक्ता समिति मार्फत गर्ने र ५ लाख भन्दा माथिको ठेक्का प्रक्रिया बाट २० लाख भन्दा मुनिको वडागत रुपमा सुचना मार्फत ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

१३. रिक्त दरबन्दीमा स्थायी पदपुर्तीको लागि माग गर्ने सम्बन्धमा

निर्णय न.१३. प्रस्ताव न.१३ माथि छलफल रिक्त रहेका तपशिल बमोजिमको दरबन्दी पदपुर्ती गर्नका लागि प्रदेश लोक सेवा आयोगमा लेखि पठाउने निर्णय गरियो ।

१४. अस्पताल निर्माण स्थल छनोट सम्बन्धमा

निर्णय न.१४. प्रस्ताव न.१४ माथि छलफल भुम्लु गाँउपालिका वडा न. ८ मा रहेको भुम्लुटार स्वास्थ्य चौकीको स्तरउन्नती भएकाले वडा न.८ को प्रकाश मावि को नामको जग्गा दिने भन्ने निर्णय आएकाले

Scanned with CamScanner

सोही जग्गाको तलमामथि वरपरको जग्गासमेतको कति दिन्छन लिई विद्यालयको जग्गामा उक्त अस्पतालको भवन बनाउने निर्णय गरियो ।

१५. कोरोना अस्थायी अस्पताल संचालन सम्बन्धमा

निर्णय न.१५. प्रस्ताव न.१५माथि छलफल भुम्लु गापा वडा न ७ को आधारभुत प्रा वि आहाल डाँडामा भएको विद्यालयको भवनमा कोरोना अस्थायी अस्पताल तथा आइसोलेशनको व्यवस्था गर्न को लागि र सोहि ठाँउमा विद्यालयको लागि विद्यार्थी पठनपाठन गर्न घर भाडामा लिइ विद्यालय सञ्चालन गर्ने र विद्यालय भवन मर्मत सुधार गरि आवश्यक पर्ने शौचालय निर्माण गरि अस्थायी अस्पताल सञ्चालन गर्ने निर्णय गरियो ।

१६. क्वारेन्टाइन व्यवस्थापन सम्बन्धमा

निर्णय न.१६. प्रस्ताव न.१६ माथि छलफल भुम्लु गा.पा. को वडा न.२ को सामुदायिक भवनमा १० बेडको, भुम्लु गा.पा. वडा न ४ को आधारेश्वर प्रा.वि. को खालि भवनमा १० बेडको तथा वडा न.१० को राधाकृष्ण प्रा वि मा १० वेडको क्वाराइन्टाइनको व्यावस्था गर्ने र उक्त स्थानको भवनहरुको आवश्यक मर्मत सुधार गर्ने र अन्य व्यवस्थापन गर्ने काम स्वास्थ्य शाखा र सम्बन्धित वडा अध्यक्ष ज्यु मार्फत गर्ने निर्णय गरियो ।

१७. फलफुल दशक अन्तर्गतको कार्यक्रम संचालन सम्बन्धमा

निर्णय न.१७. प्रस्ताव न.१७ माथि छलफल नेपाल सरकारबाट सशर्त शि.न ६९ खर्च शिर्षक न. २२७११ मा ५०%अनुदान बाट फलफुल दशक अन्तर्गत सुन्तला कागती जुनार का विरुवा रोप्ने कार्यक्रम आएकोमा यस गा पाको वडा न.१ देखि वडा न.१० सम्म उक्त विरुवाले मात्र यहाँको हावापानी सुहाँउदो नदेखिएकाले उल्लेखित विरुवा बाहेक तपशिल बमोजिमको विरुवा रोप्नका लागि सिफारिस गर्ने निर्णय गरियो।

सिफारिस भएका विरुवाका नामहरु:- एभोकाडो, किवि, मेकोडमिया नट, अम्रपाली आँप, सिडलेस लिची, लप्सी, दाँते ओखर

१८.बाखा पालनको लागि पकेट क्षेत्र तोक्ने सम्बन्धमा

निर्णय न.१८. प्रस्ताव न.१८ माथि छलफल बाखा पालनको पकेट क्षेत्र निर्धारण गर्नका लागि तपशिल बमोजिम अध्ययन कार्यदल गठन गर्ने निर्णय गरियो ।

१) संयोजक/ उपाध्यक्ष :- श्री कल्पना कुमारी श्रेष्ठ

Scanned with CamScanner

२) सदस्य/ वडा अध्यक्ष वडा न.१ :- श्री खिर बहादुर श्रेष्ठ

३) सदस्य/ वडा अध्यक्ष वडा न.७:- श्री रमेश राज खरेल

४ सदस्य/ वडा अध्यक्ष वडा न.२ :- श्री कृष्ण कुमार कार्की

५ सदस्य/ वडा अध्यक्ष वडा न.४:- श्री लोक बहादुर कुवँर

६ सदस्य/ वडा अध्यक्ष वडा न.६:- श्री भरत बहादुर शिवभक्ती

७ सदस्य सचिव:- श्री विजय कुमार थापा

१९. वडा न.१० को स्वास्थ्य चौकी भवन निर्माण सम्बन्धमा

निर्णय न.१९. प्रस्ताव न.१९ माथि छलफल वडा न.१० को स्वास्थ्य चौकीको भवन निर्माणका लागि जग्गा अपुग भएकाले स्वास्थ्य चौकीको नाममा दर्ता कायम भएको कि.न. १७८ क्षेत्रफल ०-८-०-० साँधमा रहेको कि.न.१५ भित्रको आवश्यक पर्नेजति सार्वजनिक जग्गा प्रयोग गरि स्वास्थ्य चौकीको भवन निर्माण गर्न स्विकृत दिने निर्णय गरियो ।

२०.विविध

क) निर्णय न.२०. प्रस्ताव न.२० माथि छलफल गर्दा वडा न.९ निवासी श्री सरिता कामी (ना.प्र.न. ३०३०२९।१३५,२०६१।१०।२१) दुर्घटनामा परि टाउकोमा गहिरो चोट लागी न्युरो अस्पतालमा उपचार गराई नियमित रुपमा औषधी सेवन गरिरहनु भएकाले गाँउपालिकाबाट निजको उपचारमा सहयोग गर्नका लागि रु.३००००।–(अक्षेरुपी:- तिस हजार रुपैंया मात्र) दिने निर्णय गरियो ।

ख) सुरक्षित नागरिक आवास कार्यक्रम कार्यविधि २०७५ अनुसार खरको छानो हटाउने सम्बन्धमा प्रत्येक वडामा आवास घर खरको छाना भएको भए एकिन गरि लाभग्राहीहरुलाई निवेदन दिन लगाउने र वडाबाट ७ दिन भित्र गाँउपालिकामा पेश गर्न लगाउने समेत निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय न.१८. प्रस्ताव न.१८ माथि छलफल बाखा पालनको पकेट क्षेत्र निर्धारण गर्नका लागि तपशिल बमोजिम अध्ययन कार्यदल गठन गर्ने निर्णय गरियो ।

१) संयोजक :- श्री कल्पना कुमारी श्रेष्ठ

२) सदस्य :- श्री खिर बहादुर श्रेष्ठ

३) सदस्यः श्री रमेश राज खरेल

४ सदस्यः श्री खिर बहादुर श्रेष्ठ

५ सदस्यःश्री लोक बहादुर कुवँर

६ सदस्यः श्री भरत शिवभक्ती

७ सदस्य सचिवः श्री विजय कुमार थापा

१९. वडा न.१० को स्वास्थ्य चौकी भवन निर्माण सम्बन्धमा

निर्णय न.१९. प्रस्ताव न.१९ माथि छलफल वडा न.१० को स्वास्थ्य चौकीको भवन निर्माणका लागि जग्गा अपुग भएकाले स्वास्थ्य चौकीको नाममा दर्ता कायम भएको कि.न. १७८ क्षेत्रफल ०-८-०-० साँधमा रहेको कि.न.१५ भित्रको आवश्यक पर्नेजति सार्वजनिक जग्गा प्रयोग गरि स्वास्थ्य चौकीको भवन निर्माण गर्न स्विकृत दिने निर्णय गरियो ।

२०.विविध

निर्णय न.२०. प्रस्ताव न.२० माथि छलफल वडा न.९ निवासी श्री सरिता कामी (ना.प्र.न. ३०३०२९।१३५,२०६१।१०।२१) दुर्घटनामा परि टाउकोमा गहिरो चोट लागी न्युरो अस्पतालमा उपचार गराई नियमित रुपमा औषधी सेवन गरिरहनु भएकाले गाँउपालिकाबाट निजको उपचारमा सहयोग गर्नका लागि रु.३००००।–(अक्षेरुपी:- तिस हजार रुपैंया मात्र) दिने निर्णय गरियो ।

Scanned with CamScanner